# स्थानीय राजपत्र

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाद्वारा प्रकाशित

खण्ड १ बुटवल, फाल्गुण २९ गते, २०७४ साल संख्या १

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बुटवल उपमहानगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।**

## भाग १

### बुटवल उप महानगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको आर्थिक ऐन, २०७४

**प्रस्तावना**: बुटवल उप महानगरपालिकाको आर्थिक बर्ष २०७४/०७५ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनका निमित्त स्थानीय कर, शुल्क, दस्तुर र जरीवाना संकलन गर्न छुट दिन तथा अन्य आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले नेपालको संविधानको धारा २३० बमोजिम बुटवल उप महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१) **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम आर्थिक ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन २०७४ भाद्र ११ गते देखि बुटवल उप महानगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२) **एकीकृत सम्पति कर** : बुटवल उप महानगरपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकीकृत सम्पत्ति कर लगाईने र असूल उपर गरिनेछ ।

३) घर जग्गा बहाल कर : बुटवल उप महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आशिंक तवरले बहालमा दिएकोमा अनुसूचि (२) बमोजिम धर जग्गा बहाल कर लगाईने र असूल गरिनेछ ।

४) **पेशा व्यवसाय कर** : बुटवल उप महानगरपालिका क्षेत्रभित्र दर्ता वा ईजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोवार गर्ने व्यक्ति वा निकायलाई व्यवसायको प्रकृति, आर्थिक कारोवार, स्थान बिशेष र लगानीका आधारमा अनुसूचि (३) बमोजिम व्यवसाय कर लगाई असुल उपर गरिनेछ । त्यसरी व्यवसाय कर असुलि गर्दा बैंक तथा बित्तीय संस्था र सुपरमार्केटहरुको हकमा प्रत्येक कारोवार स्थलमा कारोवारको आधारमा अलग अलग ईकाइ मानी असुल उपर गरिनेछ।

५) **जडिबुटी,कवाडी र जीवजन्तु कर** : बुटवल उप महानगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले उन,खोटो,जडिबुटी, बनकस,कवाडी माल र प्रचलित कानूनले निषेध गरेका जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड,सिङ.,प्वांख,छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (४) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

६) **सवारी साधन कर** : बुटवल उप महानगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (५) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

७) **विज्ञापन कर** : बुटवल उप महानगरपालिका क्षेत्रभित्र हुने सवै प्रकारको विज्ञापनमा अनुसूचि (६) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८) **मनोरञ्जन कर** : बुटवल उप महानगरपालिका क्षेत्रभित्र हुने र शुल्क लिई संचालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाईने र असुल उपर गरिनेछ । तर प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९) **बहाल बिटौरी शुल्क** : बुटवल उप महानगरपालिका क्षेत्रभित्र उप महानगरपालिका आफुले निर्माण,रेखदेख वा संचालन गरेका वा सार्वजनिक ऐलानी पर्ति जग्गा वा भवनमा हाटबजार वा पसल वा सडक वा बाटो किनार वा बिशेष मेला पर्वमा अनुसूचि (८) मा भएको व्यवस्था बमोजिम बहाल विटौरी शुल्क लगाई असुल उपर गरिनेछ।

१०) **सवारी साधन पार्किङ्ग शुल्क** : बुटवल उप महानगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएवापत अनुसूचि (९) बमोजिम सवारी साधन पार्किङ्ग शुल्क लगाइ असुल उपर गरिनेछ । साथै सार्वजनिक निजी अवधारणा अनुसार पार्किङ्ग व्यवसाय संचालन गर्ने व्यक्ति वा संस्थाले बुटवल उप महानगरपालिकाबाट पूर्व अनुमति लिएको हुनुपर्नेछ ।

११) **ट्रेकिङ्ग र र्‍याफ्टीङ्ग शुल्क :** बुटवल उप महानगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत अनुसूचि (१०) बमोजिमको शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१२) **सेवा शुल्क, दस्तुर :** बुटवल उप महानगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसारको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३) **पर्यटन शुल्क :** बुटवल उप महानगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूचि (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानून स्वीकृत भई सो कानूनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ ।

१४) **दण्ड जरिवाना :** बुटवल उप महानगरपालिका क्षेत्रभित्र निषेध गरिएका सार्वजनिक सडक तथा फुटपाथमा सवारी साधन पार्किङ्ग वा व्यापार व्यवसाय वा फोहरमैला गर्ने तथा प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूचि (१३) बमोजिम जरिवाना गरिनेछ । बुटवल उप महानगरपालिका नगर कार्यपालिकाले समय समयमा यस व्यवस्थामा थपघट तथा पुनरावलोकन गर्न सक्नेछ ।

१५) **घरजग्गा रजिष्ट्रेशन शुल्क** : बुटवल उप महानगरपालिका क्षेत्रभित्रका घर जग्गा वा अन्य सम्पतिहरुको रजिष्ट्रेशन गर्दा अनुसूचि (१४) बमोजिम रजिष्ट्रेशन शुल्क लगाई असुल उपर गरिनेछ ।

१६) **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१७) **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि :** यस ऐनमा भएको व्यवस्था यसै बमोजिम र अन्यका हकमा यस ऐन संग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि बुटवल उप महानगरपालिका नगर कार्यपालिकाले तोके अनुसार हुनेछ ।

१८) **यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ । साथै बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको कार्य सम्पादन नियमावली २०७४ को नियम ३० मा भएको व्यवस्था बमोजिम २०७४ साल श्रावण १ गते देखि लागु गरिएका कर, शुल्क, दस्तुर तथा राजश्व सम्वन्धी व्यवस्था यसै ऐन बमोजिम भएको मानिनेछ ।

१९) **नियम वा कार्यविधि बनाउन सक्ने :** बुटवल उप महानगरपालिका नगर कार्यपालिकाले यस ऐनमा भएका व्यवस्थालाई कार्यान्वयन गर्नका लागि आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।

२०) **साविक बमोजिम हुने : यस ऐनमा उल्लेख भएकोमा यसै बमोजिम र यसमा उल्लेख नभएको हकमा साविक बमोजिम नै हुनेछ ।**

२१) **खारेजी : साविकमा बुटवल उप महानगरपालिकाले लागु गर्दै आएका व्यवस्थाहरु यस ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएका हदसम्म खारेज हुनेछ ।**

आज्ञाले
प्रमाणीकरण मितिः २०७४/०५/१२
भरत मणी पाण्डे
प्रमुख प्रशासकीय अधिकृत